# मेरो अनुभव र मैले बुझेको प्रदेशसभा



मा. राजबहादुर शाही [a]

जनताको सहभागितामा भएको लामो जनआन्दोलनपछि नयाँ संविधान जारी भयो । संविधान निर्माण प्रक्रियामा अनेकौं आरोह-अवरोह आइलागे । पहिलो संविधानसभाले संविधान बनाउन नसकेर विघटन भयो । दोश्रो संविधान सभाले संविधान त बनायो तर धेरै ठूलो मूल्य चुकाएर । आफ्नै खुट्टामा उभिएर आफ्नै देशको सापेक्षतामा आफ्नै विवेकले संविधान निर्माण गर्दा देशले नाकाबन्दीसमेत व्यहोर्नुपर्यो । तथापि स्वाभीमानीपूर्वक आफ्नो काम आफैले गर्दाको उत्साह नै बेग्लै हुँदोरहेछ भन्ने कुरा सबैलाई अनुभूति भयो ।

उत्साहपूर्वक निर्माण गरिएको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था गरियो । यो व्यवस्थामार्फत् नै नेपालीले विकास र समृद्धि हाँसिल गर्ने विश्वाससहित संविधान निर्माण गर्न लाग्दा मेरो अन्तरमनमा कताकता डर पनि थियो कि हामी कतै सुरक्षित अवतरण गर्न नसक्ने हौं कि भन्ने ! संविधानसभा मार्फत् बाह्य शक्तिकेन्द्रहरुले आफ्नो interest लाद्ने हुन् कि भन्ने आशंका मनमा सधैं रहने गर्दथ्यो तर नेताहरुको दूरदृष्टि, इच्छाशक्ति र सुझबुझले त्यसो हुन पाएन र संविधान निर्माण गर्न सफल भयौं। हुन त भन्नेहरुले हाम्रो संविधानमा बाह्य शक्तिकेन्द्रहरुका interest लादिएको भन्छन्, त्यो लामो बहसको विषय होला तर संविधान निर्माणका बखतको शक्ति सन्तुलन र माहौल हेर्दा यति सुरक्षित अवतरण होला भन्ने कमसेकम व्यक्तिगतरुपमा मलाई लागेको थिएन ।

जेहोस् नयाँ संविधानले शासन व्यवस्थाको स्वरुप पनि नयाँ ल्यायो र संविधान कार्यान्वियनको प्रक्रियामा अगाडि बढ्दा सफलतापूर्वक स्थानीय निर्वाचन सम्पन्न भएर थप अधिकारसहित स्थानीय सरकारहरु निर्माण भए । सरकारले काम गर्न सुरु गरेको केही समयमै संघीय संसद र प्रदेश सभाका सदस्यहरुको निर्वाचन भयो र मैले प्रदेश सभाको सदस्यको निर्वाचनमा प्रतिस्पर्धा गर्ने अवसर पाएँ । प्रदेश सभा सदस्यको निर्वाचनमा एउटा जिम्मेवार उम्मेदवारको रुपमा मैले भाग लिएको थिएँ । मत प्राप्तिका लागि झुट्टा आश्वासन, प्रलोभन र अनावश्यक मतदातालाई प्रभावित गर्ने काम गरिएन । इमान्दारीतापूर्वक जनताको काम गर्नेछु भन्ने प्रण गर्दै पार्टीको घोषणापत्र साथ जनतामा गइयो र कुनै

[a] सभामुख, कर्णाली प्रदेश सभा

अतिरिक्त आश्वासन दिने काम नगरी चुनावमा भाग लिँदा पनि मतदाताले आफ्नो मतमार्फत् मलाई विश्वास गरेर निर्वाचित गराए ।

जब मतदाताले प्रदेशसभा सदस्यका रुपमा निर्वाचित गराए, ममा अझै जिम्मेवारी थपिएको महशुस भयो । म सानोतिनो कुरामा उत्साहित भईहाल्ने र प्रतिकूलतामा निरुत्साहित भई हाल्ने स्वभावको मान्छे हैन । अतः निर्वाचनमा सफलता प्राप्त गरेता पनि म त्यतिधेरै उत्साहित भईन किनभने निर्वाचनमा भएको सफलता नै सम्पूर्णरुपमा सफलता थिएन। त्यो त मतदाताले आफ्नो काम गर्ने प्रक्रियामा प्रारम्भिक जिम्मेवारी दिएको अवस्था मात्र थियो। कामको सफल सम्पादन गर्ने र उद्देश्यहरुको प्राप्तिपछि मात्र सफलता प्राप्त हुने हुँदा निर्वाचनको सफलतालाई मात्र सफलता मानिन मैले । जब निर्वाचित भएर प्रदेश सभा सदस्यको सपथग्रहण गरियो र कार्य विभाजनको अवस्था आयो, मेरा आफन्तहरु र शुभचिन्तकहरुले मन्त्री हुन निरन्तर सल्लाह दिइराखे । मन्त्री हुन शुभचिन्तकहरुको दबाब आए तापनि मैले सभामुख हुने मन बनाएँ ।सभामुख हुन मैले दुई कारणले मन बनाएको थिएँ कि नेपालमा विधायिकी काम कार्यकारीभन्दा पछिल्लो प्राथमिकतामा राख्ने जो परम्परा र मनोविज्ञान छ, त्यो भन्दा माथि उठेर विधायिकी संस्था र कार्य महत्वपूर्ण हुन्छ भन्ने कुरा स्थापित गर्नु थियो । अर्को कुरा प्रोटोकल पनि हो । मुख्यमन्त्री हुने अवस्था थिएन । मुख्यमन्त्री पछिको प्रोटोकल सभामुख नै भएकाले सभामुख हुने मैले मन बनाएँ र सोहीअनुसार अगाडि बढ्दा सभामुखको जिम्मेवारी प्राप्त भयो ।

जब म सभामुख निर्वाचित भएँ, ममा नयाँ खाले जिम्मेवारी बोध भईरहेको थियो । जेष्ठ सदस्यले सभा सञ्चालन गरेको बाहेक कुनै संस्थागत अनुभव थिएन । संसदीय मूल्यमान्यता र परम्परालाई अवलोकन गर्दै प्रभावकारीरुपमा सभा कसरी सञ्चालन गर्न सकिएला भन्ने कौतुहलता र एकखाले डर पनि मनमा लागिरहेको थियो । लेखेको पढ्न मलाई साह्रै गाह्रो लाग्ने तर सभा सञ्चालन गर्दा रिडिङ्ग पेपर पढ्नै पर्ने । मैले सुरुको दिन रिडिङ्ग पेपर नपढेर सभा सञ्चालन गर्न मिल्छ वा मिल्दैन भनेर संघीय संसदबाट खटिई आएका कर्मचारीहरुसँग जिज्ञासा राख्दा त्यस्तो परम्परा नभएको र पढ्नै पर्ने भनेपछि पढ्ने मनस्थिति सहित सभामा प्रवेश गरें । सुरुको दिनमा भित्रभित्र नर्भस थिएँ। बाहिर त्यसको प्रभाव कति परेको थियो थाहा भएन तर सन्तोषजनक रुपमै सभा सञ्चालन गरेको जस्तो अनुभव रहेको छ मेरो । विस्तारै आत्मबल बढाएर जाने र अनुभव पनि बढ्दै जाने हुनाले तुलनात्मकरुपमा सजिलो हुँदै जाने अनुभव लिईरहेको छु ।

संघीय संसदमा सरकारको सिफारिसमा राष्ट्रपतिबाट संसदको बैठक आव्हान् र अन्त्य गरिन्छ भने प्रदेशमा प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखले सभाको अधिबेशन आव्हान् र अन्त्य गर्ने प्रचलन छ । यसो हुँदा प्रदेश सभासँग प्रत्यक्ष वा परोक्ष सरोकार राख्ने पक्ष भनेको प्रदेश प्रमुख, प्रदेश सरकार, प्रमुख प्रतिपक्ष, सत्तापक्षीय संसदीय दलका पदाधिकारीहरू र प्रदेश सभाका माननीय सदस्यहरु हुन् । उहाँहरु सबैको सहयोग, सल्लाह र सुझाव विना प्रदेश सभा प्रभावकारी हुन नसक्ने कुरा सत्य हो । प्रदेश प्रमुखले सरकारको नीति तथा कार्यक्रम सभामा प्रस्तुत गरेर सभामा महत्वपूर्ण

अभिभावकीय भूमिका निर्वाह गर्नुको साथै प्रदेश सभाले पारित गरेका कानूनहरुको प्रमाणीकरण गरेर विधि निर्माणको औपचारिक चरण पूरा गर्नुका साथै सो प्रक्रियामा महत्वपूर्ण राय तथा सुझावहरु अनौपचारिकरुपमा प्राप्त हुन्छन्, जो प्रदेश सभा र यसको नेतृत्वकर्ताका लागि महत्वपूर्ण विषय मानिन्छन् ।

त्यसैगरी कानून निर्माण गर्ने सन्दर्भमा आफ्ना प्राथमिकताहरु निर्धारण गरी सोही अनुरुप प्रस्तावको रुपमा विधेयकहरु निर्माण गर्दै प्रत्येक आर्थिक वर्षमा नीति तथा कार्यक्रम र बजेटमार्फत् आफ्ना सृजनात्मकता प्रस्तुत गरेर सरकारले पनि परोक्षरुपमा प्रदेश सभालाई सहयोग गरिरहेको हुन्छ। यदि सरकारले राम्रो नीति, प्रभावकारी बजेट र श्रृजनात्मक तथा समय सापेक्ष कानूनका मस्यौदाहरु ल्याएन भने प्रदेश सभाले व्यापक रुपमा हेरफेर गर्न सक्दैन । सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित कुराहरुलाई संसद तथा सभाले सामान्य परिवर्तन पनि गर्न सक्दैन भन्ने मान्यता संसदीय लोकतन्त्रमा प्रबल रहेको भए तापनि यो परम्परागत मान्यतामा समय सापेक्ष परिवर्तन ल्याउनु आवश्यक छ जस्तो लाग्छ । सरकार र संसद एक अर्काको परिपूरक हुन् । एक विना अर्को पूर्ण हुन नसक्ने तथ्य सत्य हो । सरकारका नीति तथा कार्यक्रम र बजेटमा संसद तथा सभाले आफ्नो श्रृजनात्मक योगदान दिन पाउनु पर्दछ र त्यस्तो श्रृजनात्मक योगदानले नै सरकारका कामकारवाहीहरु प्रभावकारी हुन्छन् जस्तो लाग्छ । हुन त हाम्रो प्रदेशसभाले विगतमा सरकारले प्रस्तुत गरेको बजेटमा सामान्य परिमार्जन गरेर संसदीय व्यवस्थाको परम्परागत मान्यतामा परिवर्तन ल्याएको छ । आजको जस्तो आधुनिक युगमा संसदहरु खाली परम्परागत मात्र हुनु हुँदैन भन्ने मान्यता बढ्दै गएको पाइन्छ । हुन त कुनै पनि समाजका लागि परम्पराहरु मेरुदण्ड नै मानिन्छन्। समाजलाई दह्रोसँग उभिन परम्पराहरुले धेरै ठूलो योगदान र दिशानिर्देश गरेका हुन्छन् । परम्पराहरुको बहुआयामलाई बुझ्न नसक्दा कतिपय व्यक्ति र समाजहरु इतिहासको गोरेटोमा अलमल परेका पनि छन् । तथापि परम्पराहरुको मौलिक र आयामिक महत्व बढ्ने गरी समयसापेक्ष योगदान गर्न नसकिने भन्ने भने होइन । हाम्रो सरकारले प्रदेश सभाको बजेटमा सामान्य परिवर्तन गर्ने प्रस्तावलाई स्वीकार गरेर हाम्रा चलिआएका परम्पराहरुमा सकारात्मक योगदान गर्न सकिने कुरा आत्मसाथ गरेको छ भने प्रदेश सभाले पनि श्रृजनात्मक योगदान गर्नु सभाको प्राथमिक र अपरिहार्य दायित्व भएको मान्यता स्थापित गरेको छ ।

संसद वा सभाको अर्को महत्वपूर्ण र अन्योन्याश्रित अवयव संसदको प्रतिपक्ष हो । प्रमुख प्रतिपक्षलगायत प्रतिपक्षहरु संसद वा सभालाई खाली परम्परा र जडताबाट माथि उठाउन र जीवन्त बनाउन आलोचनात्मक चेतनाका साथ योगदान दिन सक्छन् । सरकारका सदस्यहरुसँग केही आफ्ना वैयक्तिक तथा संस्थागत स्वार्थ र सीमाहरु हुन सक्छन् तर प्रतिपक्ष जनताको पक्षमा आफ्ना आवाज बुलन्द गर्न नैतिकरुपमा बाध्य हुन्छ किनभने ऊ प्रतिपक्ष हो र आउँदो निर्वाचनमा सत्तापक्ष हुन वर्तमानको आफ्नो पोजिसन बदल्न उसले जनतामा सकारात्मक प्रभाव पर्ने गरी भूमिका निर्वाह गर्नु नै पर्ने हुन्छ । नत्र उसको हालको अवस्थामा परिवर्तन आउँदैन भन्ने कुरामा प्रतिपक्ष सचेत भइरहेको मेरो अनुभव छ । यसरी आफ्नो भूमिका परिवर्तन (आगामी सत्तापक्ष हुन) गर्न केही न केही

श्रृजनात्मक र प्रभावकारी भूमिका निर्वाह गर्नैपर्ने परिस्थितिको बाध्यता र प्रतिपक्षहरुको त्यो बाध्यात्मक अवस्थाबाट केही श्रृजनात्मक योजना हाँसिल गरी थप प्रभावकारी हुने अवसर पनि सरकारलाई प्राप्त हुने हुँदा संसदीय लोकतन्त्रमा यो अन्योन्याश्रित अवस्थालाई सुन्दर मान्ने गरिन्छ । अतः प्रमुख प्रतिपक्षलगायत प्रतिपक्षहरु संसद र सभाका संवेदनशील पक्षहरु हुन् । यिनीहरुको संवेदना र सरोकारलाई आत्मसाथ गर्नु र सुन्नु संसद र सभाका नेतृत्वको दायित्व हो जस्तो लाग्दछ । यसो गरिरहँदा संसद र सभाको नेतृत्वप्रति सत्तापक्ष सशंकित हुने वा प्रतिपक्षसँग नेतृत्व मिलेको भान पनि पर्न जान्छ तथापि प्रतिपक्षका सरोकारहरु सुन्नु र सम्बोधन गर्नु संसद सभा नेतृत्वको कर्तव्यभित्र पर्दछ । अन्तत्वगत्वा यस्तो अवस्थाले सरकार र सत्तापक्षलाई परोक्षरुपमा सहयोग पुगिरहेको हुन्छ।

यसका साथै सत्तापक्षीय दल र उसका सीमा तथा बाध्यताहरुलाई पनि सभाको नेतृत्व तथा प्रतिपक्षहरुले आत्मसाथ गर्न सक्नुपर्छ । कतिपय अवस्थामा अनुशासन पनि पालना गर्नुपर्ने अवस्थामा खुलेर र स्वतन्त्र तथा स्वच्छन्दरुपमा सत्तापक्ष प्रस्तुत हुन मिल्दैन र त्यस्तो अवस्थाको अनुचित फाइदा लिनतिर प्रतिपक्ष लाग्नु हुँदैन किनभने यसले संसद र सभामा रहेका सबै पक्षहरुमा विश्वासको वातावरण श्रृजना गर्न मद्दत गर्दछ । साथै सभासँग सरोकार राख्ने अर्को महत्वपूर्ण पक्ष भनेको मिडिया हो । मिडियालाई सभामा सहज पहुँचको वातावरण (सभाको मर्यादालाई कायम राख्ने शर्तमा) बनाउनु पर्दछ भने मिडियाले पनि सभाका काम कारबाहीहरु जनसमक्ष ल्याई दिएर नागरिकलाई आफ्नो प्रतिनिधिहरु तथा प्रतिनिधिमूलक संस्थाहरु प्रतिको निगरानीमा महत्वपूर्ण योगदान पुर्याईरहेका हुन्छन् र देश निर्माणमा नागरिकहरुको योगदानको सुनिश्चिता भइरहेको हुन्छ । यसरी संसद र सभासँग प्रदेश प्रमुख, सरकार, प्रतिपक्ष, माननीय सदस्यहरु, नागरिक समाज र मिडिया महत्वपूर्ण सरोकार राख्दछन् । यि पक्षहरु र सभा तथा यसको नेतृत्वको बीचमा न्यानो तथा अनोन्याश्रित सम्बन्ध भई राख्नुपर्दछ तब मात्र सबैले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी योगदान दिन सकिन्छ ।

हाम्रो सभाले शून्य अवस्थाबाट हालसम्म आइपुग्दा विधि निर्माण तथा सरकारी काम कारबाहीको निगरानीका क्षेत्रमा महत्वपूर्ण काम गर्दै आएको छ । हालसम्म आइपुग्दा ३६ वटा कानून निर्माण भएका छन् भने दुइवटा कोठा र एक बैठक हलबाट सुरु भएको हाम्रो प्रदेशसभा आफ्नो प्रदेशको वास्तविक अवस्थाको सापेक्षतामा सभामा आवश्यक पर्ने सबै सांगठनिक र प्रशासनिक संरचनाहरु निर्माण गर्दै त्यसको प्रभावकारी व्यवस्थापन हुँदै आएको छ । प्रदेश सभा तथा सचिवालयको सांगठनिक तथा प्रशासनिक व्यवस्थापनले सभाका सबै अवयवहरु प्रभावकारीरुपमा क्रियाशील भैरहेका छन् भने प्रदेशसभाले लोकतन्त्रका आधुनिक मान्यताहरुलाई आत्मसाथ गर्दै पारदर्शीरुपमा आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । प्रदेशसभाका हरेक गतिविधिहरू नागरिकसम्म पुर्याउन प्रत्यक्ष प्रशारणको व्यवस्था गरिएको छ । सभाको आफ्नै website निर्माण गरेर सभाका सबै गतिविधि अध्याबधिक गरी राखिएको छ । सबै समिति तथा संसदीय दलहरुको भौतिक व्यवस्थापनमा ध्यान पुर्याइएको छ ।

कानून निर्माणमा सबै सरोकारवालाहरुको सहज सहभागिता होस् र कम खर्चमा सबै क्षेत्रको निगरानीमा काम गर्न सकियोस् भनेर प्रदेश सभाको पहलकदमीमा प्रदेश सभा र सबै जिल्ला समन्वय

समितिमा भिडियो सम्मेलन केन्द्रको स्थापना गरिएको छ । जसले गर्दा तुलनात्मकरुपमा कम खर्चमा सबै सरोकारवालाहरुलाई कानून निर्माण प्रक्रियाको साथै सरकारी कामकारवाहीको निगरानी गर्ने प्रक्रिया व्यवस्थित गरिएको छ ।जनतासँग सभामुख रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरी सभाका गतिविधिहरु जनसमक्ष पुर्याउने प्रयास भइरहेको छ । यसका अतिरिक्त हाम्रा समितिहरुले सरकारी कामको निरन्तर निगरानीले प्रत्यक्ष तथा परोक्षरुपमा सरकारी काम कारबाहीको निष्पक्ष, प्रभावकारी तथा पारदर्शी कार्यमा सकारात्मक प्रभाव परिरहेको अनुभव गर्न सकिन्छ । साथै प्रदेश सभा परिसरमा अन्य आवश्यक भौतिक व्यवस्थापन तथा निर्माणका कार्यहरु निरन्तर भइरहेका छन् ।

यसका अतिरिक्त हामीले कार्यारम्भ गरेदेखि हालसम्म आइपुग्दा संघीय संसद तथा अन्य प्रदेश सभाका पदाधिकारीहरुसँग निरन्तर गरिएका अन्तरक्रियाले हाम्रा कामकारबाहीलाई व्यवस्थित गर्न र संघीय संसद र अन्य प्रदेश सभाले सम्पादन गरेका काम कारबाहीसँग हाम्रो प्रदेश सभाले सम्पादन गरेका काम कारबाहीको मूल्याङ्कन गर्न मद्दत पुगेको अनुभव मैले गरिरहेको छु । संघीय संसद तथा अन्तर प्रदेशको आ-आफ्ना अनुभवहरुको आदानप्रदान गर्न अनौपचारिकरुपमा छलफल र बैठकहरु समय-समयमा भई नै रहेका छन्, जसले गर्दा संसदीय अभ्यास तथा यसका प्रक्रिया बुझ्न र अवलम्बन गर्न मद्दत पुगिरहेको छ । यी सबै कुराहरुले आगामी दिनका कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन सहयोग पुग्ने विश्वास मैले गरेको छु ।

प्रदेशसभाका प्रत्येक अधिवेशनहरु एकपछि अर्को विशिष्ट र प्रभावकारी बनिरहेको अनुभव भै रहेको छ । तुलनात्मकरुपमा सभाका सबै सत्तापक्ष तथा प्रतिपक्षहरु पहिलोभन्दा दोश्रो, दोश्रो भन्दा तेश्रो हुँदै हालसम्म आइपुग्दा हरेक कुरामा सवल सक्षम हुदै आइरहेका छन् । शून्य समय, विशेष समय, ढ्यापढ्यापे, सार्वजनिक महत्वको प्रस्ताव, संकल्प र ध्यानाकर्षण प्रस्तावलगायतका विषयमा माननीय सदस्यहरुले सभा समयको भरपुर उपयोग गरिरहेको सन्दर्भमा संसदीय प्रभावकारितामा थप बृद्धि भएको महसुस भइरहेको छ ।

काम गर्दै जाने क्रममा हामीले विशेष परिस्थितिको पनि सामना गर्नुपर्यो जसलाई हामी कोरोना महामारी भनेर बुझ्दछौं । यद्यपि यो नियन्त्रणमा आएको अवस्था छैन । यसले आफ्नो चरित्र बदल्दै नयाँ र झन् खतरनाक रुपमा फैलिरहेको अवस्था छ । यस्तो महामारीको बेला पनि विश्व स्वास्थ्य संगठनको प्रोटोकलहरुलाई अवलम्बन गर्दै हामीले विभिन्न बैठकहरु सञ्चालन गर्यौं । प्रतिकूल परिस्थितिमा पनि जनप्रतिनिधिमूलक संस्थाहरुले आफ्नो संवैधानिक दायित्व निर्वाह गर्नुपर्छ भने कर्तव्यबोधले नै हामीले यस सम्बन्धमा धेरै बैठकहरु सञ्चालन गर्यौं । यसले गर्दा जति प्रभावकारी ढंङ्गले सभा र बैठक सञ्चालन हुन सक्थ्यो त्यसो हुन नसके पनि नयाँ र प्रतिकूल परिस्थितिको सामना गर्दै आफ्नो भूमिका निर्वाह गर्दा गर्व नै महसुस भै रहेको छ । सभा र समितिहरुले निर्वाधरुपमा जसरी कार्य गर्नु पर्दथ्यो त्यसो हुन नसके पनि आवश्यक र स्वभाविक कार्यसम्पादन भएको भन्नेमा द्विविधा छैन । यसले आगामी समयमा आईपर्ने प्रतिकूल परिस्थितिको सामना गर्ने सामर्थ्य भएको कुरामा म विश्वस्त छु ।

पछिल्ला दिनमा राष्ट्रिय राजनीतिमा केही महत्वपूर्ण राजनीतिक घटनाहरु घटिरहेका छन् । निश्चय पनि यी राष्ट्रिय राजनीतिक घटनाहरुको प्रभाव प्रदेश सभामा पनि पर्ने देखिन्छ । राष्ट्रिय

राजनीतिक घटनाक्रमले केन्द्र तथा प्रदेशको राजनीतिक शक्ति सन्तुलनमा प्रभाव पर्नेछ र त्यो शक्ति सन्तुलनको प्रभाव प्रदेश सभामा पर्नु स्वभाविक लाग्छ । जेहोस् परिवर्तित परिस्थितिमा पनि प्रदेश सभाले आफ्नो काम अझ प्रभावकारीरुपमा सम्पादन गर्नु समयको माग र आवश्यकता हो भन्ने बुझाइ रहेको छ ।

अन्तमा विधायिकीको कार्य प्राथमिक र महत्वपूर्ण कार्य हो भन्ने मान्यता हाम्रो समाजमा अहिले पनि स्थापित भई सकेको छैन । कार्यकारीको प्रभावकारिता प्रभावकारी विधायिकी कार्यले मात्र स्थापित हुन्छ भने मान्यता र यस मान्यतालाई स्थापित गर्ने पक्षमा देखा पर्ने चुनौतीहरु विधायक र विधायिकी संस्थामा सधैं रहिरन्छन् । विधायकहरु पूर्णरुपमा विधायिकीको काममा केन्द्रित नभएसम्म हामीले हाम्रो प्रक्षेपित लक्ष्य र उद्देश्य हाँसिल गर्न सक्दैनौं भन्ने कुरालाई आत्मसात गर्दै अगाडि बढ्नु पर्दछ । यस कार्यमा सबैको साथ र हौसलाको सदैव अपेक्षा गरिएको छ ।